नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ - ९१
चलानी नं. : ३६८४.

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले नेपाल स्टक एक्सचेन्ज लि. र युनाइटेड फाइनान्स लि. संगको संयुक्त आयोजनामा प्रदेश नं. ५ को दाङ्ग र बुटवलमा क्रमशः मिति २०७४।१२।०१ गते र मिति २०७४।१२।०२ गते **"लगानीकर्ता सचेतना कार्यक्रम"** आयोजना गरको छ ।

उक्त लगानीकर्ता सचेतना कार्यक्रममा उद्योग वाणिज्य संघ, दाङ्गका अध्यक्ष श्री नारायण प्रसाद भुसाल प्रमुख अतिथि, सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता, युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठ र नेपाल स्टक एक्सचेन्ज लि. का सहायक प्रबन्धक श्री सुरेन्द्रराज वाग्ले र अधिकृत श्री भेषराज खनाल अतिथिको रुपमा सहभागी भएका थिए ।

त्यसैगरी बुटवलमा आयोजना गरिएको कार्यक्रममा मिडास स्टक ब्रोकिङ्ग क.प्रा.लि., दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि., लिन्च स्टक मार्केट लि., एशियन सेक्यूरिटिज प्रा.लि. र आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि. को समेत सह-आयोजना रहेको थियो । उक्त कार्यक्रममा नेप्सेका प्रमुख कार्यकारी अधिकृत तथा सिडिएससिका संचालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदको सभापतित्वमा उक्त कार्यक्रम संचालन भएको हो । सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता, युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठ र नेपाल स्टक एक्सचेन्ज लि. का सहायक प्रबन्धक श्री सुरेन्द्रराज वाग्ले र अधिकृत श्री भेषराज खनाल अतिथिको रुपमा सहभागी भएका थिए ।

उक्त कार्यक्रमहरुमा सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ताले धितोपत्र अभौतिकीकरण, सिडिएस एण्ड क्लियरिङ्ग लि. को कार्य तथा सो लि. को पूँजी बजार विकासमा रहेको भूमिका, प्राथमिक सार्वजनिक निष्काशनमा सहजता प्रदान गर्न कार्यान्वयनमा ल्याइएको सि-आस्बा सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए भने नेपाल स्टक एक्सचेन्ज लि. को तर्फबाट कार्यपत्र प्रस्तुत श्री भेषराज खनालले गरेका थिए । उक्त कार्यक्रमहरुमा सहभागीहरुको उल्लेखनिय सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमहरुको मुख्य उद्देश्य नेपालको पूँजी बजारसंग आवद्ध लगानीकर्ताहरु तथा संभावित लगानीकर्ताहरुलाई सिडिएससि, नेप्से लगायत अन्य सम्बन्धित पक्षहरुले प्रदान गर्ने सेवाहरु र सो बाट हुने लाभहरु, पूँजी बजारको आधुनिकीकरणमा उक्त पक्षहरुको अपरिहार्य भूमिका, धितोपत्र अभौतिकीकरणको फाइदा, लगानीकर्ताहरुको हितका लागि सिडिएससिले विकास गरेका नयाँ सफ्टवेयरहरु र यस लि. को संचालन संगै पूँजी बजारमा भएको थप विकास सम्बन्धी प्रकाश पारी सहभागीहरुलाई शिक्षित बनाउनु हो ।

मिति : २०७४।१२।०४

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com